नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## कर्मचारी कल्याण शाखा

## <u>प्रतिभा डवली कार्यक्रममा नविन सोच/ईनोभेटिभ आइडिया पेश गर्ने सम्बन्धी सूचना</u>

सूचना प्रकाशन मिति २०८०/१०/१६

संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीमा रहेको प्रतिभाको उजागर गर्न यस मन्त्रालयबाट स्वीकृत प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम प्रतिभा डबली (Talent Forum) कार्यक्रम सञ्चालन गरिने भएकोले इच्छुक कर्मचारीहरुले आफूमा रहेको नवीन सोंच/इनोभेटिभ आइडियालाई तपशिल बमोजिमको अनलाइन प्रणालीको माध्यमबाट उपलब्ध गराउनु हुन सूचित गरिन्छ । यस सम्बन्धी थप जानकारीका लागि www.mofaga.gov.np वा talenthunt.mofaga.gov.np मा रहेको "प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" हेर्न सकिनेछ ।

<u>नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्नु पर्ने समयावधिः</u> सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र ।

<u>अनलाइन पेश गर्ने वेवसाइट ठेगानाः</u> talenthunt.mofaga.gov.np

पुनश्चः

१) नवीन सोच/इनोभेटिभ आइडिया पेश गरी शीर्ष १० मा छनौट हुने स्थान प्राप्त गर्ने प्रतियोगीले प्रत्यक्ष प्रस्तुतीकरण समेत गर्नुपर्नेछ र सो कार्यक्रमको टेलिभिजनमार्फत समेत प्रशारण हुने व्यवस्था मिलाइनेछ ।

२) प्रतिस्पर्धाबाट छनोट भएका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीलाई सम्मान तथा तोकिएको पुरस्कार प्रदान गरिनेछ ।

३) मन्त्रालयले उपयुक्त ठहरिएका नवीनसोच/इनोभेटिभ आइडियाहरुलाई राष्ट्रसेवामा उपयोग गर्ने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

४) अनलाईन मार्फत नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्न talenthunt.mofaga.gov.np मा गई सर्वप्रथम आफ्नो खाता बनाउनु पर्नेछ । आफ्नो खाता बनाउन कर्मचारी संकेत नम्बर भएका कर्मचारीले "म सँग कर्मचारी संकेत नम्बर छ" भन्ने Tab मा र संकेत नम्बर नभएका कर्मचारीले "म सँग कर्मचारी संकेत नम्बर छैन" भन्ने Tab मार्फत आफ्नो विवरण भरी user name र password entry गरी आफ्नो mobile नं. मा भेरिफिकेशन कोड प्राप्त गर्नुपर्नेछ र सोही आधारमा फारम भरी आफ्नो नवीन सोच/इनोभेटिभ आईडिया पेश गर्नु पर्नेछ ।

५) नवीन सोच/इनोभेटिभ आइडियाको अनलाइन प्रणाली मार्फत प्रस्ताव पेश गर्ने तरिका (User guidelines) talenthunt.mofaga.gov.np मा समेत हेर्न सकिनेछ ।

६) एकपटक अनलाईन मार्फत प्रस्ताव पेश भई submission नम्बर प्राप्त भइ सके पश्चात पुनः सच्याउन मिल्ने छैन ।

(७) प्रतियोगीले आफ्नो प्रस्ताव पेश गर्ने क्रममा अडियो/भिडियो कपी समेत upload गर्नु पर्नेछ र सो अडियो/भिडियोमा आफ्नो परिचय खुल्ने कुनै किसिमको सामग्री राख्न पाइने छैन ।

थप जानकारीका लागि यस शाखाको फोन नं ०१४२००३०९ वा शाखा अधिकृत श्री शरद कुमार दाहाललाई ९८४२०३९६०५ मा सम्पर्क गर्न सकिनेछ ।

**(दफा १० संग सम्बन्धित)**

**अनुसूची १**

**<u>प्रतिभा डबली प्रस्ताव ढाँचा</u>**

| हालसालै खिचेको फोटो |
|---|

**प्रस्तावकको व्यक्तिगत विवरण खण्ड:**

१. नाम, थर: ........................................................ जन्ममिति (वि सं) : ........................................

लिङ्ग : ................. महिला ................. पुरुष ................. अन्य....................................

कर्मचारी संकेत नम्बर.................................... नागरिकता नं.................................................

इमेल...........................................................मोबाइल नं.....................................................

**२. स्थायी ठेगाना :**

प्रदेश..................जिल्ला................महानपा/उपमहानपा/नपा/गापा.........................................वडा नं..........

**३. अस्थायी ठेगाना :**

प्रदेश..................जिल्ला................महानपा/उपमहानपा/नपा/गापा.........................................वडा नं..........

**४. कार्यरत कार्यालयसँग सम्बन्धित विवरण :**

पद .............................श्रेणी/तह................................सेवा/समूह/उपसमूह......................

कार्यालयको नाम र ठेगानाः ..........................................................................................

क्षेत्रः ..................प्रशासनिक ....................... प्राविधिक...............................................

कार्य जिम्मेवारी/कार्य विवरण/पदीय जिम्मेवारी :

.................................................................................................................................

तोकिएभन्दा फरक प्रकारको कार्य सम्पादन गरेको भए सो कार्य उल्लेख गर्ने ।

.................................................................................................................................

यस कार्यक्रमबारे कहाँबाट जानकारी पाउनु भयो ? (चिनो लगाउने)

परिपत्र ..........टेलिभिजन ...........रेडियो..........सामाजिक सञ्जाल .........साथीभाइ/परिवार .........अन्य .......

जानकारी पाएको मिति .............

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**नवीन सोच/इनोभेटिभ आइडिया खण्ड :**

१. नवीन सोच/इनोभेटिभ आइडियाको विषय वा शिर्षक :...........................................................................

२. कार्यकारी सारांश :

३. पृष्ठभूमि :

४. नवीन सोच/इनोभेटिभ आइडिया केन्द्रित समस्याको पहिचान :

- पहिचान गर्नु भएको समस्या के हो ?
- समस्याप्रति तपाई किन आकर्षित हुनुहुन्छ ?
- नवीन सोच/इनोभेटिभ आइडिया उक्त समस्या समाधान कसरी गर्छ ?
- पहिचान गर्नु भएको समस्या कुन सरकारी निकायसँग प्रत्यक्ष रुपमा सम्बन्धित छ ?

५. प्रस्तुत समस्याका सन्दर्भमा नवीन सोच/इनोभेटिभ आइडियाको विगतमा भएका प्रयास र विद्यमान अवस्था :

६. नवीन सोच/इनोभेटिभ आइडियाबारे उल्लेख गर्नुहोस् ।

- नवीन सोच/इनोभेटिभ आइडियाको व्यहोरा :
- समस्या समाधानका लागि नवीन सोच/इनोभेटिभ आइडिया उपयोगका उपायहरु :
- नवीन सोच/इनोभेटिभ आइडियाको कार्यान्वयनको मौलिक विधि :

७. नवीन सोच/इनोभेटिभ आइडिया कार्यान्वयनका सन्दर्भमा सम्भावित अवसर, चूनौती र जोखिम विश्लेषण:

८. आइडिया कार्यान्वयन गर्ने तत्कालिन तथा दीर्घकालीन कार्ययोजना:

९. श्रव्य दृश्य सामग्री र अन्य कागजातहरु :

- नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध भिडियो तथा अन्य सामग्री भए बढीमा दुई मिनेट अवधिको हुनुपर्नेछ।
- नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध अन्य कागजातहरु ।
  माथि उल्लिखित विवरण ठीक साँचो हो र नवीन सोच/इनोभेटिभ आइडिया छनौट भएमा त्यसको अभिलेखीकरण/कार्यान्वयन छनौट गर्ने सम्पूर्ण अधिकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग निहित रहनेछ। म पूर्ण रुपमा मन्जुर छु।

हस्ताक्षर.........................

(माथि भर्नुपर्ने स्थान अभाव भएमा थप पाना प्रयोग गर्न सकिनेछ)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ